राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना
आदेश

मु.नं. ४०८/२०७१/०७२

निर्णय नं. ७७४

जिल्ला झापा, जलथला–१ बस्ने नारायण प्रसाद भट्टराई...... ..............................१ उजुरीकर्ता

विरूद्ध

कार्यालय प्रमुख, मानव अधिकार आयोग........................................................१ विपक्षी
सूचना अधिकारी, मानव अधिकार आयोग........................................................१

विषय :- सूचना दिनू भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

जिल्ला झापा, जलथला–१ बस्ने नारायण प्रसाद भट्टराईले मानव अधिकार आयोगले सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा मिति २०७२।०१।२० मा गरेको पुनरावेदकको सम्बन्धमा यस आयोगको मिति २०७२।०२।३१ च.नं.१४०४ को पत्रबाट निज पुनरावेदकसँग आवश्यक कागजात पेश गर्न पत्राचार गरिएकोमा निजले हालसम्म आयोगमा ती कागजात बुझाएको देखिदैन । साथै यस पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा पनि कुनै जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तोमलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्ववत् २०७३ साल बैशाख ५ गते रोज १ शुभम्